आज मिति २०७५ कात्तिक १८ गते आईतबार बिहान ८:०० यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ६० औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगरप्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राजकुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री टीकाराम ज्ञवाली | सचिव | |

**सहयोगी कर्मचारी**:-

१. श्री बिन्जु बज्राचार्य - लेखा अधिकृत

२. श्री भद्र बहादुर बस्नेत - ना.सु.

३. श्री सुरोज श्रेष्ठ - क.अ.

मिति २०७५/७/१६ गते नगर प्रमुख ज्यूबाट मिति २०७५/७/१८ गते नगर कार्यपालिकाको ६० औं बोर्ड बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाबाट निर्णयष भएका विषयहरु देहाय बमोजिम रहेका छन ।

| सि.नं. | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनु पर्ने व्यहोरा |
|---|---|---|---|
| १. | सडकको खाल्डाखुल्डी पुरेको रकम भुक्तानी सम्बन्धमा । | | मिति २०७५/०६/२३ गते नगर कार्यपालिकाको निर्णय नं. १ बाट स्थानीय सडकको खाल्डाखुल्डी भएको स्थानमा सडक बोर्डबाट विनियोजित बजेटको सीमा भित्र रही सडक मर्मत गर्ने निर्णय भए अनुरुप मर्मत कार्य सम्पन्न भएका वडाहरुमा बैठकको बजेट विनियोजनको सीमा, वडा कार्यालयको सिफारिस र प्राविधिक मूल्याङ्कन समेतको आधारमा अबिलम्ब भुक्तानी दिने । शेषनारायण देखि दक्षिणकाली गेटसम्म सडक खण्डमा भएका खाल्डाखुल्डीहरु पुरी ग्रावेल तथा रोलिङ कार्य सम्पन्न भईसकेको हुँदा उक्त कार्यको प्राविधिक मुल्याङकनको आधारमा अबिलम्ब भुक्तानी दिने । |
| २. | योजना कार्यान्वयन सुचारु गर्ने सम्बन्धमा । | | २०७५ साल असार महिनामा सम्पन्न नगरसभाबाट विनियोजित बजेट अनुसारका कार्यक्रमहरु संचालन गर्न सवै वडाहरुमा सर्भे, ल.ई., ड्रइङ डिजाईन गरी उपभोक्ता समिति गठन गरी फाल्गुन मसान्त भित्र योजना सम्झौताको लागि नगर कार्यपालिकामा सम्पर्क गर्न जानकारी गराउने । |
| ३. | सम्मानीत सर्वोच्च अदालतमा रिट दायर गर्नको लागि अख्तियारी सम्बन्धमा । | | सम्मानित सर्वोच्च अदालतमा यस दक्षिणकाली नगरपालिकालाई विपक्षी बनाई दायर भएको उत्पेषण रिट सम्बन्धि मुद्धामा आवश्यक कागज प्रमाण सहित लिखित जवाफ दर्ता गर्न र आवश्यक पुर्पक्षको लागि यस दक्षिणकाली नगरपालिकामा कार्यरत ना.सु. भद्र बहादुर बस्नेतलाई आधिकारिक प्रतिनिधि तोकी पठाउने निर्णय पारित गरियो । |
| ४. | विविध | | ● बल्खु -हेटौडा जोडने सडकको दक्षिणकाली नगरपालिका क्षेत्रभित्र पर्ने सडक खण्डको कतिपय ठाँउमा कालोपत्रे सडक विग्री खाल्डाखुल्डी परेको, ती खाल्डा खुल्डी नगरपालिकाले पुर्ने व्यवस्था गरी यातायात सहज भएतापनी अत्यधिक धुलोको कारणबाट मानव स्वास्थ्यमा गंभीर असर पर्ने देखिएको, यात्रुहरुबाट अत्याधिक रुपमा आएका |

| | | | |
|---|---|---|---|
| | | | गुनासोहरुलाई सम्बोधन गर्न पानी सिंचीत गरी धुलो नआउने व्यवस्था गरिएको हुँदा नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी सिद्धार्थ खानेपानी सेवालाई १९ पटकको रु ६८०००।- र हर्षित शुद्ध पानीलाई रु २४०००।-नियमानुसार कर कटटा गरी उपलब्ध गराउने ।<br>● यस दक्षिणकाली नगरपालिका धार्मिक पर्यटकको दृष्टिकोणले महत्वपूर्ण रहनुको साथै देशको राजधानी काठमाण्डौं र प्रदेश राजधानी हेटौडा जोडने प्रमुख मार्ग भएको कारणबाट सवारीको चाप दिनप्रतिदिन बढदै गईरहेको छ । सडकको अवस्था जिर्ण रहेको र वर्षादको समयमा भएका खाल्डाखुल्डी नगरपालिकाको आफनै पहलमा पुरी सडक यातायात सहज गराईएको भएतापनि अत्यधिक धुलाको कारण मानव स्वास्थ्यमा गंभिर असर परेको छ । वडा दशै अघि-पछि गरी नगरपालिकाले आफनै आन्तरिक श्रोतबाट धुलो कम गर्न पानी छर्किने काम गरेतापनि नियमित रुपमा उक्त काम गर्दा मासिक रुपमा करिब ३ लाख खर्च लाग्ने हुँदा सडकमा गुडने सवारी साधनबाट वातावरण प्रदुषण कर र पटके सवारी कर असुली गर्न प्रदेश तथा केन्द्र सरकारसँग सहमति माग गर्ने ,अन्यथा बार्षिक ३६ लाख बजेट बिनियोजन गर्न अनुरोध गर्ने ।<br>● यस नगरपालिका क्षेत्र भित्र रहेका खानीहरुबाट ठुला सवारी साधनहरु हिडी रहँदा सडकको गुणस्तर विग्री रहने र वर्षादको समयमा पहिरो समेत जाने खतरा रोक्न दक्षिणकाली नगरपालिकाको वडा नं. ७ को दक्षिणकाली मन्दिरको गेटदेखि युँटिकीसम्म पक्की नाली ( ड्रेन) निर्माण गर्न यस नगरपालिकाको आवश्यकता अनुसार सिमेन्ट उपलब्ध गराउने र ज्यामी मिस्त्रीको ज्याला सम्बन्धित उपभोक्ता समिति र खानी तथा सवारी साधनका धनीबाट व्यवस्था मिलाउने सहमती भएअनुसार हाललाई ५० बोरा सिमेन्ट उपलब्ध गराउने ।<br>● यस दक्षिणकाली नगरपालिका भित्र नेपाल संवत एवं भिन्तुला कार्यक्रम संचालन गर्न रु. ५०,०००।- (पचास हजार मात्र) आर्थिक सहयोग शीर्षकबाट उपलब्ध गराउने । |